नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
फोन नं. ५५९०८००, ५५९०८०१, ५५९०२५४, ५५९३०६४, ५५९३०६३
इ-मेलः info@navt.gov.np
Website: www.navt.gov.np
भैंसेपाटी, ललितपुर

आ.व.:-२०८३/०८४
च.नं.-

सूचीकरणका लागि आवेदन माग गरिएको सूचना

(पहिलो पटक सूचना प्रकाशन मितिः २०८३।०६।१३)
(दोस्रो पटक सूचना प्रकाशन मितिः २०८३।०८।०८)

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको आ.व. २०८३।०८४ को वार्षिक कार्यक्रममा कार्यस्थलमा आधारित (Workplace-Based) तालिम (१०० जनालाई), जेन्जी घाइते तथा सहीद परिवारका लागि कार्यस्थलमा आधारित सिपमूलक तालिम (३०० जनालाई) र राष्ट्रिय अप्रेन्टिसिप तालिम (२४६५ जनालाई) प्रदान गर्ने गरी बजेट तथा कार्यक्रम स्वीकृत भएको छ। उक्त तालिमहरु प्रदान गर्ने प्रयोजनका लागि इच्छुक तथा योग्य रोजगारदाताहरुलाई सूचीकरण गर्न यस अघि मिति २०८३।०६।१३ मा प्रकाशन गरिएको सूचना बमोजिम आवश्यक संख्यामा आवेदन प्राप्त हुन नसकेकोले कार्यस्थलमा आधारित तालिम सञ्चालन कार्यविधि, २०८२ को दफा १४ बमोजिमका देहायका योग्यता तथा शर्तहरू पूरा गरेका इच्छुक तथा योग्य रोजगारदाताहरूलाई सूचीकरण (Listing) गर्नका लागि पुनः यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजातसहित प्रतिष्ठानमा आवेदन पेश गर्न अनुरोध गरिन्छ।

१. रोजगारदाताको योग्यता तथा शर्तहरूः

देहाय बमोजिमका शर्तहरू पूरा गरेका रोजगारदाताहरू यस कार्यविधि बमोजिम तालिम प्रदान गर्न योग्य हुनेछन्:

(क) प्रचलित कानून बमोजिम दर्ता भएको,
(ख) कम्तीमा ५ (पाँच) जनालाई सम्बन्धित सीप वा पेशामा रोजगारी दिइरहेको,
(ग) कम्तीमा विगत २ (दुई) वर्षदेखि सञ्चालनमा रहेको,
(घ) मूल्य अभिवृद्धि कर (VAT) वा स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएको,
(ङ) पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र भएको,
(च) स्वीकृत पाठ्यक्रम तथा रोजगारदाताले छनौट गरेको तालिमको विधि अनुसार आवश्यक पूर्वाधार उपलब्ध भएको।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
फोन नं. ५५९०८००, ५५९०८०१, ५५९०२५४, ५५९३०६४, ५५९३०६३
इ-मेलः info@navt.gov.np
Website: www.navt.gov.np
भैंसेपाटी, ललितपुर

आ.व.:-२०८३/०८४
च.नं.-

२. आवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरूः

(क) संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि
(ख) स्थायी लेखा नम्बर (PAN) वा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
(ग) पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र
(घ) संस्थाको संक्षिप्त प्रोफाइल
(ङ) सम्बन्धित सीप/पेशामा कार्यरत जनशक्तिको विवरण
(च) तालिम सञ्चालन गर्न सकिने विषय र पूर्वाधारको विवरण

२०८३/८/६

कार्यकारी निर्देशक

पुनश्चः कार्यस्थलमा आधारित तालिमका सहभागिहरुको समाजिक सुरक्षा वापतको दायित्व प्रतिष्ठानले व्यहोर्ने गरी साविकको व्यवस्था संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। अन्य जानकारीको लागि कार्यस्थलमा आधारित तालिम सञ्चालन कार्यविधि, २०८२ को तपसिल बमोजिमको लिङ्क वा प्रतिष्ठानको website:www.navt.gov.np मा गई जनकारी लिनुहुन अनुरोध छ। सूचिकरणका लागि यस अघि आवेदन दिई सकेका रोजगारदाताहरुले सोही प्रयोजनका लागि पुनः आवेदन दिनु पर्ने छैन।

तपसिलः
https://navt.gov.np/pages/procedures-for-conducting-basic-training-in-the-13/